**गोरखा नगरपालिका, शिक्षक छनौट समिति,**

गोरखा नगरपालिका -८, डुम्रीडाँडा गोरखा

**शिक्षक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

गोरखा नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरूमा रिक्त शिक्षक पद करारका माध्यमबाट अस्थायी पदपूर्तिको गर्नुपर्ने भएकाले देहायको शर्त र परिधिको अधिनमा रही रित पूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१ रिक्त शिक्षक पदको किसिम, तह, श्रेणी र विषय**

क प्राथमिक तह

| सिन | रिक्त पदको किसिम | विषय | विज्ञापन न | आवश्यक पद सङ्ख्या | विज्ञापनको किसिम |
|---|---|---|---|---|---|
| १ | दरबन्दी | - | १०१/२०७४/७५ | १(एक) | खुला |

ख निम्नमाध्यमिक तह

| सिन | रिक्त पदको किसिम | विषय | विज्ञापन न | आवश्यक पद सङ्ख्या | विज्ञापनको किसिम |
|---|---|---|---|---|---|
| १ | दरबन्दी | सामाजिक | २०१/२०७४/०७५ | १(एक) | खुला |
| २ | दरबन्दी | विज्ञान | २०२/२०७४/०७४ | १(एक) | खुला |

ग माध्यमिक तह

| सिन | रिक्त पदको किसिम | विषय | विज्ञापन न | आवश्यक पद सङ्ख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सट्टा | नेपाली | ३०१/२०७४/०७५ | १(एक) | खुला | |
| २ | अनुदान कोटा | लेखा | २०२/२०७४/०७४ | १(एक) | खुला | साविक उमावि अनुदान |

**२ उमेद्वारको योग्यता**

१ प्राथमिक तहको लागि

- प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।
- तर दुई सय पूर्णाङ्कको शिक्षा विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिने छ।

**२ निम्न माध्यमिक तहको लागि**

परीक्षा दिन चाहेको विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।

**३ माध्यमिक तहको लागि**

- परीक्षा दिन चाहेको विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।
- शिक्षा शास्त्र संकाय तर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिने छ।
- तर लेखा विषयको विज्ञापनमा स्नातकोत्तर उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने छ।

४ **परीक्षाको किसिम:**लिखित र अन्तर्वाता

५ **परीक्षा केन्द्र :**पछि प्रकाशित गरिने छ।

६ **परीक्षा दस्तुर**

माध्यमिक तहको लागि १,०००।-

निम्न माध्यमिक तहको लागि ७००।-

प्राथमिक  तहको लागि ५००।–

७ **दरखास्त दिने स्थान:** शिक्षा शाखा, गोरखा नगरपालिका गोरखा

८ **दरखास्त दिने अन्तिम मिति** :२०७५/२/२५ गतेसम्म र दोव्बर दस्तुर तिरी २०७५/२/२९ सम्म

९ **लिखित परीक्षाको मिति** मिति  २०७५/०३/०३ समय दिनको १२:०० बजे।

१० **अन्तरवार्ता** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति समय र स्थान तोकिने छ।

११ **दरखास्त फारम साथ अनिवार्यरुपमा पेश गर्नु पर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि

१२ **विज्ञापन सम्बन्धी थप जानकारीहरू**

- शिक्षक सेवा आयोग नियमावली सशोधनसहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।
- विदेशी सस्थामा अध्ययन गरेको उमेद्वारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- सम्बन्धित तहको पाठ्यक्रम र फाराम शिक्षक सेवा आयोगको वेभसाईड www.tsc.gov.np बाट डाउनलोड गर्न सकिने छ।
- दरखास्त  फारमको अग्र भागमा उमेद्वारले आफ्नो नाम थर विज्ञापन न र परीक्षा दिने विषय स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ
- कुनै उमेद्वारले झुट्टा विवरण/ कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिने छ। यदि त्यस्ता उमेदवारले नियुक्ति लिइसकेको भए नियुक्ति समेत रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिने छ।
- रीत नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन।
- दोब्बर दस्तुरको म्याद भित्र प्राप्त  गरेको शैक्षिक योग्यता र तालिम यस प्रयोजनको लागि गणना गरिने छैन।